दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्ड : ८ संख्या : ०७ स्वीकृत मिति: २०८१/०२/२०

भाग - २

**मनहरी गाउँपालिका**

**गाउँपालिका अधयक्षबाट प्रमाणित मिति : २०८१/०२/२२**

# मनहरी गाउँपालिकाको स्वास्थ्य विमा समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१

## मनहरी गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मिति : २०८१/०२/२०

प्रमाणित मिति : २०८१/०२/२२

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले मनहरी गाउँकार्यपालिकाको मिति २०८१/०२/२२ गतेको बैठकबाट देहायको मनहरी गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम मनहरीगाउँपालिकाको स्थानीय बीमा संयोजन समिति संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-,

(क)"ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख)"कार्यक्रम" भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) गाउँपालिका भन्नाले मनहरीगाउँपालिकालाई जनाउनेछ ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।

सुवेदी

अधिकृत

(च) सेवा भन्नाले स्वास्थ्य बीमा ऐन २०७४ को दफा ५ बमोजिम बिमितले प्राप्त गर्ने सेवा सम्झनु पर्छ .

(छ) संयोजन समिति भन्नाले नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## समितिको गठन

३.संयोजन समिति गठनः (१) नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमिजिमको मनहरी गाउँपालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति समिति रहने छ ।

क) अध्यक्ष मनहरीगाउँपालिका - संयोजक

ख) उपाध्यक्ष मनहरीगाउँपालिका - सदस्य

ग) पालिका अध्यक्षले मनोनित गरेको मनहरीगाउँपालिका अन्तर्गत बढी जनसंख्या भएका वडाका अध्यक्ष १ जना - सदस्य

घ) प्रमुख / अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक स्वास्थ्य संस्था प्रमुख - सदस्य

(ङ) पालिका अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वंयसेविका मध्येबाट एक जना गरि २ जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत, मनहरी गाउँपालिका - सदस्य

(छ) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड मनहरीगाउँपालिका हेर्ने - सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख मनहरी गाउँपालिका - सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तिन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौविस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिका ...

... सुवेदी
... अधिकृत

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।
(९) सचिवालयको काम पालिकाको कार्यालयले गर्नेछ ।

**४ .काम, कर्तव्य र अधिकारः संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) गाउँपालिकाको क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने ,तथा गाउँपालिका भित्रका वडाहरुमा कार्यरत स्वास्थ्य बीमाका दर्ता सहयोगीलाई परिचालन गरी कार्यको अनुगमन गर्ने

ख) पालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आबद्ध गर्ने,

ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्ड बीच समझदारी गर्ने,

घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा बृद्धी गर्न बोर्ड सँग साझेदारी गर्ने,

ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

च) गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धी गर्ने गराउने,

छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू द्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलव्धता हुने व्यवस्था गर्ने गराउने,

झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोउन्नति र पुर्वाधार अभिवृद्दीमा सहयोग गर्ने,

ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य बिषयहरूमा समन्वय र सहजीकरण गर्ने

५ .बजेटः स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकाले गर्ने सक्नेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ३

विविध

६.कार्यविधिमा संशोधनःकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

७ .बाधा अड्काउ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा गाउँपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।

..............................

प्रमाणित गर्ने

रन्जन कालाखेती

गाउँपालिका अध्यक्ष

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल